मदन भण्डारी फाउन्डेशनले बर्ष २०८१ का लागि
जलबायु परिवर्तन वातावरण संरक्षणको संरक्षणको क्षेत्रमा
सचेतना, नवप्रवर्तन र पैरवीको क्षेत्रमा काम गर्ने
**संस्था वा व्यक्ति छनौटका मापदण्डहरु**

जलबायु परिवर्तन र वातावरण संरक्षणको क्षेत्रमा योगदान दिने संस्था वा व्यक्तिलाई राष्ट्रिय स्तरमा पुरस्कृत गर्ने मापदण्डहरू वैज्ञानिक, व्यावहारिक र समावेशीताका आधारमा तय गरिएको छ। तल उल्लेख गरिएका मापदण्डहरुले उपरोक्त क्षेत्रमा संस्था वा व्यक्तिले पुर्याईरहेको योगदानको मूल्याङ्कन निष्पक्ष र प्रभावकारी रूपमा गर्न सक्ने गरी मापदण्डहरू तय गरिएको छ।

**१. प्रभाव**

- वातावरण संरक्षण वा जलवायु परिवर्तन न्यूनीकरणमा संस्था वा व्यक्तिले पुर्याईरहेको योगदानको प्रभावको मात्रा
- समुदाय, जनसंख्या वा भौगोलिक क्षेत्रमा प्रभावको मात्रा
- ग्रीनहाउस ग्याँस उत्सर्जनमा कमी आएको प्रमाणहरु

**२. नवप्रवर्तन**

- प्रविधिको प्रयोग वा कार्यान्वयनमा अपनाइएको नवीन सोच वा उपाय
- परम्परागत अभ्यासलाई कसरी सुधार गरिएको विधि तरिका
- हरित अर्थतन्त्रका क्षेत्रमा गरिएका योगदानहरु

**३. समावेशीकरण**

- गरिएको कार्यक्रम/पहलकदमीमा महिला, बालबालिका, आदिवासी, दलित वा अन्य सीमान्तकृत समुदायको सहभागिता
- गरिएको कार्यक्रम/पहलकदमीले सामाजिक न्यायलाई दिएको प्राथमिकता

**४. निरन्तरता र दिगोपन**

- कार्यक्रम संचालनको निरन्तरता र दिगोपनको अवस्था
- कार्यक्रमको असर वा प्रभाव दीर्घकालीन रूपमा कायम रहन सक्ने सम्भावना

**५. तथ्यमा आधारित कार्य**

- कार्यक्रमको प्रभाव मापन गर्न अपनाईएको विधि, प्रक्रिया वा प्रमाणहरु
- नियमित अनुगमन र मूल्यांकन गरिने प्रावधान वा अवस्था
- प्रकाशन सामग्री ( विषयगत म्यानुअल, प्रतिवेदनहरु, राष्ट्रिय अन्तर्राष्ट्रिय जर्नलहरुमा प्रकाशित लेख रचनाहरु आदी)
- केस स्टडीहरु, सफलताका कथाहरु

**६. नीति पैरवी तथा सचेतना**

- संचालित कार्यक्रम/पहलकदमीले जलवायु नीति निर्माणमा पारेको प्रभाव

- सर्वसाधारणलाई सचेत गराउन सञ्चार, शिक्षा वा प्रचारको माध्यमबाट गरिएका कार्यहरु

**७. सहकार्य, समन्वय तथा नेटवर्किङ**

- सरकारी, गैरसरकारी, निजी क्षेत्र वा अन्तर्राष्ट्रिय संस्थासँगको सहकार्यको अवस्था र त्यसको प्रभावकारीता
- बहु क्षेत्र र निकायहरुसंगको संलग्नताको निरन्तरताको सुनिश्चितताका आधारहरु

**८. प्रयोग सहजता वा अनुकरणीयता**

- संचालित कार्यक्रम/पहलकदमीले प्रस्तुत गरेका उल्लेखनीय उदाहरणीय कार्यहरु
- प्रस्तुत र प्रयोग गरिएको मोडेल अन्य ठाउँमा दोहोर्याउन मिल्ने अवस्था वा पुनःप्रयोग गरिएका उदाहरणहरु
- समाज, सेवाग्राही र सरोकारवाला निकायहरुमा ल्याएको परिवर्तनहरु,

**९. प्रचलित कानून र विधिको पालना**

- संचालित कार्यक्रम/पहलकदमीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरणीय कानुन, नीति, विधि वा सहमतिहरूको पालनाको अवस्था
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरणीय कानुन, नीति, विधि वा सहमतिहरूको कार्यान्वयनमा गरेको योगदान

**छनौटका प्रक्रियाका आधारहरूः**

- संलग्न ढांचा अनुसारको आवेदन, सिफारिस (नामांकन प्रणाली) वास्तविक र पारदर्शी हुनुपर्ने ।
- स्वतन्त्र विशेषज्ञ समितिद्वारा मूल्याङ्कन गरिने ।
- स्थानीय, प्रादेशिक, संघीय स्तरका सरकारी र गैरसरकारी निकाय वा संस्थाका सिफारिसलाई पनि मान्यता दिइने ।
- पुरस्कारका लागि छनौट भएका व्यक्ति वा संस्थाको सार्वजनिक घोषणा एवं उपयुक्त प्रचारसहित एक विशेष कार्यक्रम मार्फत पुरस्कृत गरिने ।

❖❖